निर्णय नं. ५ :

विगत केही दिन यता खासगरी बन्दाबन्दीको अन्त्य भएसँगै जिल्ला प्रशासन कार्यालयमा नागरिकता प्रमाणपत्र वनाउन आउनेहरुको चाप बढ्दै गएका कारण कार्यालयमा अत्याधिक भिड्भाड् बढेको छ । कतिपय सेवाग्राहीहरुले मास्क समेत प्रयोग नगरी आउने, सेनीटाइजर प्रयोग नगर्ने, भौतिक दुरी कायम नगर्ने लगायत स्वास्थ्य सुरक्षाका मापडण्डहरुको वेवस्ता गर्ने गरेको पाइएको छ । सेवाग्राहीहरुलाई एक आपसमा भौतिक दुरी कायम गराई सेवा प्रवाह गर्न कठिन हुदै गएको र कार्यालय परिसर समेत साँगुरो भएका कारण भिड् व्यवस्थान गर्न समेत समस्या हुदै गएको छ । दैनिक रुपमा बढ्दै गएको भिडले सेवाग्राहीहरु विच कोभिड-१९ संक्रमणको जोखिम रहेको र कार्यालयका कर्मचारीहरुमा समेत संक्रमण फैलिन सक्ने उच्च जोखिम रहेको हुँदा जनस्वास्थ्य र सुरक्षाका मापडण्डहरुलाई ख्याल गरी तत्कालका लागि व्यवस्थापन गर्न सकिने संख्यामा मात्र नागरिकता वितरणको व्यवस्था मिलाउन आवश्यक देखिएको छ । यसका लागि जिल्लाका स्थानीय तहहरुमध्ये देहाय बमोजिम तोकिएको दिन/बार तोकिएको स्थानीय तहका आवेदकहरुलाई नागरिकता वितरण गर्ने व्यवस्था गरी सोही बमोजिम सिफारिस गरी पठाउन आ-आफ्नो मातहतका वडा कार्यालयहरुलाई परिपत्र गरिदिन र सोही बमोजिम सम्वन्धित सबैको जानकारीका लागि सूचना सम्प्रेषण गरिदिन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

(अर्को व्यवस्था नभए सम्मका लागि)

**जिल्ला प्रशासन कार्यालयवाट नागरिकता वितरण सम्बन्धि कार्यतालिका**

| क्र.सं. | स्थानीय तह | बार/दिन (२०७७/४/२९ बाट लागु हुने गरि) |
|---|---|---|
| १. | • शिखर नगरपालिका,<br>• के.आई.सिंह गाउँपालिका र<br>• जोरायल गाउँपालिका | आईतवार र बुधवार |
| २. | • आदर्श गाउँपालिका,<br>• पूर्वीचौकी गाउँपालिका र<br>• सायल गाउँपालिका | सोमवार र विहिवार |
| ३. | • दिपायल सिलगढी नगरपालिका,<br>• बडीकेदार गाउँपालिका र<br>• बोगटान फुड्सिल गाउँपालिका | मंगलवार र शुक्रवार |